इटहरी उप-महानगरपालिका कार्यालय
दर्ता नं. २९९४
मिति : २०८०/०६/२८

आज मिति २०८० साल आश्विन २२ गते सोमबारका दिन सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डेको अध्यक्षतामा नेपालीहरुका महान चाड वडादशैं, शुभ दिपावली, छठ पर्व तथा नेपाल सम्वतलाई मध्यनजर गरी जिल्लामा रहेका होटल व्यवसायीलगायतहरुसँग समन्वय बैठक बसी देहायबमोजिमको निर्णय गरियोः-

<u>उपस्थिति</u>

| | |
|---|---|
| प्र.जि.अ. श्री हुमकला पाण्डे | जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| स.प्र.जि.अ. श्री ओम प्रसाद भट्टराई | जिल्ला प्रहरी कार्यालय, सुनसरी |
| प्र.उ. श्री विपिन रेग्मी | जिल्ला प्रहरी कार्यालय, सुनसरी |
| स.प्र.उ. श्री लकेश कुमार तुम्बाहाङ्फे | स.प्र.बल नेपाल, नं. ४ गण हे.क्वा., सुनसरी |
| उप.अ.नी श्री तिलक शर्मा प्रसाई | रा.अ.जि.का., सुनसरी |

वासुदेव बराल महासचिव होटल व्यवसायी महासंघ कोशी प्रदेश
सरोज भट्टराई अध्यक्ष होटल एशोसिएसन अफ धरान
देवी गौतम रविन, उपाध्यक्ष, होटल व्यवसायी महासंघ नेपाल
तेज बहादुर पुरी अध्यक्ष, होटल तथा पर्यटन व्यवसायी संघ, दुहबी
रविन्द्र अधिकारी होटल व्यवसायी समिति सह सचिव धरान
गोविन्द थापा होटल व्यवसायी महासंघ, कोशी प्रदेश उपाध्यक्ष
उमेश दाहाल होटल तथा व्यवसायी समिति अध्यक्ष
सन्देश अधिकारी कञ्चनजंघा लाउन्ज एण्ड बार, इटहरी
कुलाल लामा " " "
नारायण लिम्बू, होटल व्यवसायी समिति धरान
विनोद चौधरी होटल एण्ड लज ९८०००२३६

श्री प्रशासन शाखा
इटहरी
६।२८

निर्णयः-

१. गृह मन्त्रालय, शान्ती सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ५०३, ५६३ मिति २०८०।०६।१२ र २०८०।०६।१९ गतेको पत्र बैठकमा पेश भई छलफल भयो । तत्सम्बन्धमा निम्न बमोजिम गर्ने/गराउने ।

- नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।
- उपभोग्य वस्तुहरुको मूल्यवृद्धि, म्याद नाघेका वस्तुहरुको बिक्रीवितरण, अखाद्य वस्तुहरुको प्रयोग जस्ता अनैतिक तथा अवाञ्छित क्रियाकलाप हुन/गर्न नदिने । स्वस्थकर खाद्य सामाग्रीहरुको बिक्रि बितरण गर्ने ।
- होटल, रेष्टुरेन्ट, लज लगायतका स्थानमा जुवाजन्य गतिविधिहरु नगर्ने/नगराउने ।
- अवैध मदिराजन्य पदार्थहरुको बेचबिखन नगर्ने/नगराउने ।
- होटल, रेष्टुरेन्ट तथा लजमा लागु औषधको सेवन तथा कारोवार नगर्ने/नगराउने ।
- बाल श्रमिकहरुको प्रयोग नगर्ने र श्रम शोषण नगर्ने/नगराउने ।
- होटल तथा रेष्टुरेन्टहरु (वडा दशै, दिपावली तथा छठ पर्वसम्म) बेलुका ९.०० वजेसम्म मात्र सञ्चालन गर्ने र भरपर्दो सुरक्षा व्यवस्थाको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।
- कुनै पनि किसिमका सांस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहको सिफारिस सहित नेपाल सरकारले तोकेको रोयाल्टी बुझाए पछि जिल्ला प्रशासन कार्यालय, सुनसरीको पूर्व स्विकृति लिएर मात्र बढीमा रातिको १०.०० वजे सम्म सञ्चालन गर्ने/गराउने ।
- १६ वर्ष भन्दा मुनिका बालबालिकालाई परिवारसहित आएको खण्डमा मात्र प्रवेश गराउने । यस्ता बालबालिकालाई सुर्ति तथा मदिराजन्य पदार्थहरु बेचबिखन तथा प्रयोग गर्न नदिने ।

२. मिति २०८०।०६।१० गते बजार अनुगमन व्यवस्थापन गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकबाट भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्ने/गराउने प्रतिबद्धता व्यक्त गरियो ।

३. राजमार्गमा रहेका होटल तथा रेष्टुरेन्टहरुले लामो तथा छोटो दुरीका यात्रुहरुको सुविधालाई विशेष ध्यान पुऱ्याउने । बासी, सडेगलेका, गुणस्तरहीन खाना तथा खाजाको प्रयोग नगर्ने, शुद्ध तथा गुणस्तरीय खाना, खाजा शुपथ मूल्यमा उपलब्ध गराउने ।

४. चाडपर्वका बखतमा विपद्जन्य घटनाहरु हुनसक्ने सम्भावनालाई मध्यनजर गरी उच्च सतर्कता अपनाउने ।

५. सीमा नाकामा रहेका होटल, रेष्टुरेन्ट, व्यापार व्यवसायलगायतलाई शान्ति सुरक्षा कायम गर्न, अवाञ्छित गतिविधि हुन नदिन बेलुका ८ बजेसम्म मात्र सञ्चालन गर्न दिने र सोको जानकारी स्थानीय तहलाई उपलब्ध गराउने ।